# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम पूर्व
लुम्बिनी. प्रदेश, नेपाल

सुचना नं ८०

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

## कृषि अनुदान सामाग्री माग सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२८

प्रस्तुत बिषयमा सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार व्यवसायीक कृषकहरुलाई तरकारी/फलफुल खेति प्रबर्द्धनका लागि कृषि सम्बन्धि अनुदान सामाग्रीहरु ८० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यक्रम भएकोले सिस्ने गाउँपालिका अन्तर्गत कार्यक्रम लागु भएका इच्छुक व्यवसायीक कृषकहरुले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कार्यालयमा तपसिलका कागजात सहित आवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

| कार्यक्रमको नाम | उपलब्ध गराइने अनुदान समाग्रीहरु | कार्यक्रम लागु हुने वडा | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| मागमा आधारित साना कृषि औजार उपकरण माग | सिल्पोलिन पाल, इनसेक्ट नेट ,थोपा सिचाइ सेट,कृषि चुना ,निलोतुथो ,फुट स्प्रे ,सिकेचर ,आरी , खाडल खन्ने मेसिन , मिनि टिलर | सबै वडा | **तरकारी खेतिको लागि :** कम्तिमा २ बर्ष पहिले देखि न्युनतम १ रोपनि क्षेत्रफलमा व्यवसायीक रुपमा तरकारी खेति गरिरहेको कृषक हुनुपर्ने। **फलफुल खेतिको लागी :** व्यवसायिक कृषकको प्रति कृषक कुनै पनि फलफूलको फल्ने वीरुवा ५० वटा हुनुपर्ने। | सामाग्रिको २० प्रतिशत रकम स्वयम कृषकले व्यहोर्नु पर्ने छ। |

नोट :

- विगत २ बर्षमा तरकारी खेति सम्बन्धी यस गाउँपालिका तथा अन्य सरकारी वा गैह्र सरकारी निकायबाट अनुदान प्राप्त गरेका कृषकलाई अनुदान सामाग्री उपलब्ध गराइने छैन। तरकारी/फलफुल खेति सम्बन्धी उद्योग दर्ता गरेको कृषक तथा तरकारी खेति सम्बन्धी तालिम प्राप्त कृषकलाइ बिशेष प्राथामिकता दिइने छ। साथै कृषि प्राविधिकको फिल्ड प्रतिवेदनको आधारमा मात्रै अनुदान पाउने कृषकको छनौट गरिने छ।
- स्थानीय, प्रदेश र नेपाल सरकारलाई तिर्न बुझाउन बाकी उपभोक्ता समितिको पदाधिकारी भई सो काममा कैफियत देखिएको व्यक्तिलाई अनुदानमा सहभागी गराइने छैन।
- आयोजनाको स्वलगानीको आधारमा अनुदान प्राप्त गर्ने कृषकको छनौट गरिने छ।

...........................
( विकास विक्रम शाह )
प्रमुख प्रशासकीय अधिकृत

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत